थबाङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थबाङ, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

मिति:- २०७९/०२/२६

### शुभकामना मन्तव्य

लैंगिक समानता र सामाजिक समावेशीकरणको वर्तमान अवस्थामा नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय कानुन तथा महासन्धीहरुको विश्वव्यापी रुपमा कार्यान्वयन गर्नैपर्ने र हाम्रो देश नेपाललाई लैंगिक समानता तथा सामाजिक समावेशीकरण बनाउने परिप्रेक्षमा, नेपालको २०७२, को संविधानले लैंगिक विभेद र सबै खाले जातीय एवं सामाजिक विभेदको अन्त्य गर्ने, आर्थिक, सामाजिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता गरी समानुपातिक समावेशी र सक्रिय सहभागीमूलक वैज्ञानिक सिद्धान्तका आधारमा समतामूलक स्वस्थ र सभ्य समाजको निर्माण गर्ने प्रतिबद्धता गरेको छ। नेपालको संविधान २०७२, बमोजिम जारी गरिएका लैंगिक समानता र समाजिक समावेशीकरण सम्बन्धी प्रस्तुत भएका नीति तथा कानुनले लैंगिक समानता र सामाजिक समावेशीकरण सम्बन्धमा विना कुनै अवरोधका साथ सहर्ष रुपमा नियमन गर्ने कानुनी व्यवस्था उल्लेख गरिएको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले पनि लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित, अन्तरनिहित विषयलाई जोड दिदै प्रबर्द्धन र विकासमा जोड दिने व्यवस्था रहेको छ। राष्ट्रिय, अन्तराष्ट्रिय नीति एवं कानुनहरुको विकेन्द्रिकरण गरेर थबाङ गाउँपालिकालाई लैंगिक समानता तथा सामाजिक समावेशीकरणमैत्री बनाउन यस थबाङ गाँउपालिकाले लैंगिक समानता तथा समाजिक समावेशीकरण नीति २०७८, तयार गरी कार्यान्वियन गर्ने शिलशिलामा प्रदेश प्रशिक्षण प्रतिष्ठान, लुम्बिनी प्रदेश नेपालगञ्ज, बाँके, नेपालको सहयोगमा र ग्रामिण विकास तथा चेतना समाज (रुडास) नेपालको विशेष सहजीकरणमा लैंगिक समानता तथा सामाजिक समावेशीकरण मूलप्रवाहीकरण रणनीति र संस्थागत संरचनाहरुलई लैससास मैत्री संवेदनशील तथा उत्तरदायी बनाउन लैससाससँग सम्बन्धित एजेन्डाहलाई विकास प्रक्रियामा समावेश गर्न, महिला तथा पिछडिएका वर्ग, अल्पसंख्यक समुदायलाई सशक्तिकरण गर्दै आगामी विकास कार्यक्रमबाट लाभ प्राप्त गर्न र न्यायोचित सु-अवसर निश्चित गर्न, समाजमा पछाडि परेका ५ वटै वडाका समुदायलाई सर्वाङ्गीन विकासमा, सक्रिय सहभगीता सुनिश्चित गर्ने यथेष्ट मार्गनिर्देश गर्नेछ भन्ने पूर्ण विश्वास लिएको छु। लैससासमैत्री समाज निर्माण गर्न तत्पर र कटिबद्धताका साथ सहयोग गर्नेछु। यो रणनीति तयार गर्न सहयोग गर्ने प्रदेश प्रशिक्षण प्रतिष्ठान, सहजीकरण गर्ने लोकप्रिय संस्था रुडास नेपाल र आफै प्रत्यक्ष सहभागी भएर कार्य गर्ने सम्पूर्ण जनप्रतिनिधि ज्यूहरु, विषयगत शाखा प्रमुख, आमन्त्रित सहभागी, कर्मचारी मित्रहरु सम्पूर्णमा हार्दिक आभारकासाथ धन्यवाद व्यक्त गर्दछु। अन्तमा यो रणनीति कार्यान्वयन र समृद्ध लैससासमैत्री थबाङको लागि सबै सरोकारवाला महानुभावहरुको साथ सहयोगको अपेक्षा गर्दै आफ्नो शुभ-कामना मनतव्य व्यक्त गर्दछु।

(धन बहादुर ओली)
नि.प्रमुख प्रशासकीय अधिकृत

"स्वच्छ र सक्षम निजामति प्रशासन, समृद्धि र सुशासन,
९८५७८२४७५०, ९८५७८७७०४१, www.facebook.com/thabangruralmunicipal,
email-thabangrm58@gmail.com, www.thabangmun.gov.np

अधिकार सुनिश्चित गरेको छ । त्यसैगरी संयुक्त राष्ट्रसंघ सुरक्षा परिषदको प्रस्ताव नंवर १३२५ र १८२० ले ससस्त्र द्धन्द्धको समय र द्धन्द्ध पश्चात हुने यौनजन्य हिंसा बिरुद्ध न्याय र शान्ति प्रक्रियामा महिलाको सहभागिताको बिषय सुनिश्चित गरेको छ । बाल अधिकार महासन्धी १९८९ ले बालबालिकाको अधिकार संरक्षण र प्रबर्द्धन सुनिश्चित गरेको छ । सन १९९५ को बेइजिङ सम्मेलनको घोषणापत्रमा उल्लेखित महिलाका १२ वटा सरोकारका विषयहरु समाबेश गरिएको छ । दिगो विकास लक्ष्य २०३० को लक्ष्य नं ५ ले लैंगिक समानता र लक्ष्य नं १६ ले दिगो बिकासको लागि शान्तिपुर्ण तथा समाबेशी समाजको प्रबर्द्धन गर्ने, न्यायमा सबैको पहुँच सुनिश्चित गर्ने र सबै तहमा प्रभावकारी, जवाफदेहि र समाबेशी संस्थाको स्थापना गर्ने बिषय उल्लेख गरेको छ । माथि उल्लेखित राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति र कानुनहरुको स्थानीयकरण गरि थवाङ गाउँपालिकालाई लैससासमैत्री बनाउन लैससास मूलप्रबाहिकरण रणनीतिले मार्गदिर्श गर्ने बिश्वास गरिएको छ ।

## १.२. थवाङ गाउँपालिकाको संक्षिप्त परिचय :

रोल्पा जिल्लाको १० वटा स्थानीय तहहरु मध्ये थवाङ गाउँपालिका छुट्टै बिशेषता बोकेको एक गाउँपालिका हो । दाङ जिल्लाको घोराही देखि १६६ कि.मि.सहिद मार्ग र रोल्पाको सदरमुकाम लिवाङवाट करिव ७४ कि.मि. उत्तरपुर्वमा पर्दछ । यस गाउँपालिकामा विशेषत खाम मगर जातिको वसोवास रहेको छ । खाम भाषीहरुको वाहुल्यता भएको यस क्षेत्रमा अधिकाँस स्थानको नामको पछाडि वाङ शव्द जोडीएको पाईन्छ । वाङको अर्थ खाम भाषामा चौर हुने भएकोले थवाङको अर्थ पहाडको काखको चौर भन्ने हुन्छ । तसर्थ पहाडको काखको वस्ती वाट थवाङ नामाकरण भएको हो । समुद्र सतह देखि करिव १ हजार ८१० मिटर भन्दा माथी फैलिएको यो गाउँपालिकामा शीतोष्ण र शमशीतोष्ण हावापानी पाईन्छ भने तापक्रम ५ देखि २९ डिग्रीसम्म रेकर्ड भएको पाईएको छ । यो गाउँपालिकाले १९१.०७ बर्ग कि.मी. क्षेत्रफल भुभाग आगटेको छ । भने समुदी सतहबाट १८१० मिटर देखि ३५०० मिटरको उचाइमा रहेको छ ।

यस गाउापालिकामा अधिकाँश घरहरुकाका छाना काठको फलेकवाट वनेका देखिन्छन् । करिव ५५ प्रतिशत शाक्षरता भएको यस गाउँपालिकाका अधिकाँश जनताहरु परम्परागत कृषी प्रणालिमा आवद्ध देखिन्छन् भने यहाँको आलु उत्पादन जिल्लामै सवैभन्दा राम्रो मानिन्छ । युद्ध पर्यटनको प्रचुर सम्भावना वोकेको थवाङ गाउँपालिका १० वर्षे शसस्त्र जनयुद्धको उद्‌गमथलोको रुपमा मानिन्छ । यस गाउँपालिकामा अवस्थित विभिन्न नदी नालाहरु, कृषि मैदान, हरीयाली वनजंगल साथै जलजला क्षेत्र जस्ता धार्मिक र पर्यटकीय महत्व बोकेका क्षेत्रले गर्दा क्रमश विकासमा अग्रसर भैरहेको देख्न सकिन्छ ।: यस गाउँपालिकाको पूर्वमा सुनछहरी गाउँपालिका, पश्चिममा परिवर्तन गाउँपालिका, उत्तरमा रुकुम पूर्व जिल्ला, दक्षिणमा सुनछहरी गाउँपालिका र रोल्पा नगरपालिकासंग सिमाना जाडिएको छ ।
साबिकको ३ वटा गाबिस समेटर बनेको थवाङ गाउँपालिका ५ वटा वडामा बिभाजन गरिएको छ । यहाँको मुख्य बाली गहुँ, जौ, मकै, आलु, भांगो आदि हुन । यस क्षेत्रमा ऐतिशासिक पर्यटकिय स्थलहरु जलजला क्षेत्र, जन्त्र मन्दिर, वराजुवाङ मन्दिर आदी छन् । यहाँको मुख्य स्थानीय चाडपर्वहरु माघे सक्रान्ती, भुमे पर्व, ल्होसार, दशै, तिहार, तिज, धान्ने पुर्णिमा आदि हो । थवाङ गाउँपालिकाका जनताको मुख्य पेशा कृषि भएपनि सिंचाई कमी, कृषिमा आधुनिकिकरण हुन नसक्नु आदि कारणले ठूलो संख्यामा बैदेशिक रोजगारीमा जाने र केही छिमेकी मुलुक भारत जाने गर्दछन् भने केही मानिसहरुको ब्यापार ब्यबसाय तर्फ पनि आकर्षण बढेको पाइन्छ । बि.सं २०६८ को जनगणना अनुसार यस गाउँपालिकाको कूल घरधुरी संख्या २१७२ छ भने यहाँको कूल जनसंख्या १०८८१ छ । जसमध्ये महिला संख्या ५८८४ ( ५४ प्रतिशत) र पुरुष संख्या ५०३५ (४६ प्रतिशत) छ । मगर जातीको बाहुल्यता रहेको यस गाउँपालिकामा मगर जाती ८४ प्रतिशत, दलित जाती १३ प्रतिशत, गुरुङ जाती १ प्रतिशत र अन्य

अपाङ्ग ०१ जना छ । जातीगत हिसावले दलित ५ जना ( दलित पुरुष १ जना र दलित महिला ४ जना ) छ भने सहिद परिवारबाट जम्मा २ जना मध्ये पुरुष १ जना र महिला १ जनाको प्रतिनिधित्व छ । गाउकार्यपालिकामा जम्मा १३ जनाको सहभागिता रहेकोमा पुरुष ८ जना र महिला ५ जना छ भने आपाङ्ग १ जना छ । जातीगत हिसावले कार्यपालिकामा दलित ३ जनामा दलित पुरुष १ जना र दलित महिला २ जना छ भने अन्य सबै जनजातीबाट सहभागिता छ । त्यसैगरी सहिद परिवारबाट २ जना रहेकोमा पुरुष १ जना र महिला १ जनाको प्रतिनिधित्व छ ।

यस गाउँपालिकामा जनजातीकै बाहुल्यता रहेकोले निर्णायक भूमिकामा जनजाती रहनु स्वभाविक मानिन्छ । अझैपनि समाबेशी बनाउनका लागि प्रमुख पदमा महिला, दलित तथा अपांग एवं पछाडी पारिएको समुदायको सहभागिता बढाउन यस रणनीतिले मार्गनिर्देश गर्नेछ । अधिकांस उपभोक्ता समितिहरुमा ४० प्रतिशत भन्दा पनि बढी महिलाको सहभागिता देखिनु सकारात्मक मानिन्छ तरपनि व्यबस्थापन तथा निर्णयमा समेत महिलाहरु आफैले अग्रसर भई निर्णाय गर्न सक्ने क्षमता बढाउन आबश्यक छ । राज्यका हरेक निकायमा ३३ प्रतिशत महिला र समाबेशी सहभागिताको कानुनी प्राबधानले समाबेशी सहभागिता सुनिश्चित गरेपनि अर्थपुर्ण सहभागिताका लागि लक्षीत बर्ग समुदायको क्षमता बिकास र आर्थिक शसक्तिकरणको क्षेत्रमा योजना तथा कार्यक्रम बिस्तार गर्न यस रणनीतिले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ ।

## २.१.२. सामाजिक अवस्था बिश्लेषण :

सामाजिक हिसावले थवाङ गाउँपालिकामा मगर जातीको बाहुल्यता रहेपनि केही संख्यामा दलित जाती र न्यून संख्यामा गुरुङ जातीको पनि बसोबास रहेको छ । बि.सं. २०६८ को जनगणना अनुसार आदिवासी जनजाती ४८ प्रतिशत, दलित १४ प्रतिशत, बाहुन क्षेत्री १.१ प्रतिशत, अन्य ०.९ प्रतिशत छन् । मगर खाम भाषाको बाहुल्यता रहेको यहाका मानिसहरुको खाम भाषा ९० प्रतिशत, नेपाली भाषा १० प्रतिशतले बोल्दछन् । प्रकृति पुजा गर्ने प्रचलन बढी छ । यस गाउँपालिकाको कूल जनसंख्यामा प्रकृति पुजा गर्ने ८० प्रतिशत, हिन्दु धर्म १० प्रतिशत, इस्लाम धर्म ५ प्रतिशत, बौद्ध धर्म ५ प्रतिशतले मान्दछन् । , यहाँका मानिसहरुको मुख्य चाड पर्व भुमे पर्व, ल्होसार साथै दशै, तिहार, तिज, माघेसक्रान्ती जस्ता चाड पर्व समेत मनाउने गरिन्छ । पहिरनः पुरुषको खाडी, पटुकी, गादा, चौबन्दी, महिलाको पहिरन चोली, पटुकी, गादा, लुङगी, फुली, बुलाकी आदि हुन

समाजम बिद्यमान पित्रृसतात्मक सोच र व्यबहारबाट यस थवाङ गाउँपालिका पनि अछुत रहन सकेको छैन । लैंगिक बिभेद, बोक्सी तथा धामीझाक्री प्रथा, बालश्रम, बाल बिबाह, बहु बिबाह, बालश्रम घरेलु हिंसा र लैंगिक हिंसा जस्ता सामाजिक कुप्रथा र गलत सामाजिक अभ्यासहरु अझै कायमै छन् । परिवार एवं समाजमा लैंगिक तथा सामाजिक समाबेशीताका सम्बन्धमा केही सकारात्मक परिवर्तनका प्रयासहरु थालनी भएपनि लैंगिक तथा सामाजिक रुपले समान अवसर र समान पहुँच हुन नसकेको कुरा निर्णायक भूमिकामा महिला, दलित, अपांगता भएका व्यक्ति लगायत पछाडी परेको समुदायको सहभागिता र अवरमा तथा सुचनामा न्यून संख्यामा मात्र पहुँचको स्थितिले स्पष्ट पार्दछ । यस् प्रकारका गलत सामाजिक अभ्यास बिरुद्ध गाउँपालिकाबाट बिभिन्न अभियान तथा जनचेतनाका कार्यक्रमको शुरुवात गरिएको र यसलाई अभियानको रुपमा अगाडी बढाउन यस रणनीतिले मार्गनिर्देश गर्ने अपेक्षा गरिएको छ ।

## २.४. थवाङ गाउँपालिकाको सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती (SWOT Analysis) बिश्लेषण

थवाङ गाउँपालिकाले लैंगिक समानता तथा सामाजिक समाबेशीकरण क्षेत्रमा हासिल उपलब्धी, सकारात्मक अभ्यासहरु तथा कमजोर पक्षहरु पहिचान तथा बिश्लेषण गरी सुधार गर्नुपर्ने पक्षहरुलाई रणनीतिक कार्ययोजनामा समाबेश गरिएको छ । त्यसैगरी लैससास क्षेत्रमा यस गाउँपालिकाले अवलम्बन गर्न सक्ने अवसरहरुलाई स्थानीयकरण गर्दै चुनौतीहरुको सामान गर्न यस रणीनतिक योजनाले मार्गनिर्देश गरेको छ । यस गाउँपालिकाको **(SWOT Analysis) निम्न तालीकामा प्रस्तुत गरिएको छ ।**

| सवल पक्ष | कमजोर पक्ष | अवसर | चुनौती |
|---|---|---|---|
| १. आपाङ्ग कार्यविधि २०७६ बनेको छ ।<br>२. जेष्ठनागकि कार्यविधि २०७६ बनेको ।<br>३. ६ वटा ऐन बनेको नियामावली निर्देशिका कार्यविधि मापदण्ड ३० वटा बनेको ।<br>४. यस पलिकाको ५ वटै वडामा सामुदायिक स्वास्थ्य इकाई र आधारभुत स्वास्थ्य इकाई बनेको ।<br>५. थावाङ वडा नं १ खेरवाङ, वडा नं. २ छेलवाङमा आधारभुत स्वास्थ्य केन्द्र , ३ नं. वडामा ठुलोगाउँ, मिरुलमा आधारभूत स्वास्थ्यईकाई , घेराबाङमा सामुदायिक स्वास्थ्य ईकाई स्थापना पश्चात १७ जनाले काम गर्ने अवसर पाएको ।<br>६. महिला विकास तथा उद्यम विकास शाखाबाट हाल सम्म १५० जना उद्यमीहरु हाते होजेरी, खेलौना बनाउने, साबुन बनाउने चाउमिन बनाउने व्यवसाय गरेको | १. लै.स.सा.स. नीति नबनेको<br>२. विभिन्न किसिमका सञ्जालहरु गठन तथा परिचालन नभएको ।<br>३. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमताविकासका कार्यक्रम नभएको ।<br>४. लक्षित वर्गलाई सचेतना, क्षमता विकास, सिप विकास सम्वन्धि तलिम तथा अभिमुखिकरणमा कमी<br>५. महिला हिंसा विरुद्धको कोष स्थापना नहुनु।<br>६. मेलमिलाप केन्द्र व्यवास्थापन नहुनु<br>७. भौतिक विभिदताको कारण समयमा योजना सम्पन्न नहुनु ।<br>८) खडिकृत तथ्यांक नभएकोले लक्षीत बर्गको एकिन तथ्यांक नभएको । | १.संघ र प्रदेशको नमुना कानुन्लाई स्थानीकरण गरि काम गर्न सकिने ।<br>२. लक्षित वर्गबाट योजना ल्याउने अवसर छ ।<br>३. जनचेतनामूलक कार्यक्रम मार्फत लक्षित वर्गहरुलाई अपनत्व जगाउन सकिने र योजनाहरु दिगो हुने ।<br>४. गा.पा. र जनाताको दुरी नजिक हुने भएकोले लक्षीत बर्ग पहिँचानमा सहज हुने ।<br>५). शिपमुलक तालिमका माध्यमबाट रोजगारीमा बृद्धि भई दिगो विकास हुने।<br>६) स्थानीय आबशयकता र अवस्था अनुसार कानुन बनाउन पाउने अधिकार प्राप्त हुनु ।<br>६) जनप्रतिनिधी लैससास प्रति सकारात्मक हुनु । | २.लामो समयसम्म कर्मचारी नबस्नु<br>३. नीति योजना कार्यविधिहरु जनता तथा लक्षित वर्ग सम्म पुराउन नसक्नु ।<br>४.बालविवाहलाई न्यूनिकरण गर्न नसक्नु<br>५.परम्परागत सोच व्यवसाय तथा चालचलन<br>६. लक्षित वर्गलाई अगाडि ल्याउन प्रयाप्त स्रोतको कमि<br>७. बहु विवाह, घरेलु हिंसा, छुवाछुत, बोक्सी , धामी झक्री प्रथा<br>८. दक्ष जनशक्तिको व्यवस्थापन नहुनु<br>९.स्थानीय भाषामा सूचना प्रवाह नहुनु । |

१ सबै सार्बजनिक निकायहरुमा बालमैत्री संरचना निर्माणका लागि कार्यबिधि बनाई लागु गर्ने गराउने ।

२ सबै बिद्यालयहरुमा बालबालिकाको लागि अलग अलग सौचालय र सेनिटरी प्याडको ब्यबस्था अनिवार्य गर्ने ।

३ भय तथा डरत्रास रहित वातावरणमा पठनपाठन तथा शिक्षण सिकाई वतावरण सुनिश्चित गर्ने

४ बालमैत्री तथा बाल संबेदनशिल ब्यबहार अबलम्बनका लागि परिवार, समाज लगायत सबै सरोकारवालाको क्षमता बिकासका लागि तालीम तथा अभिमूखिकरण गर्ने ।

५ वडा तथा गाउँपालिका तहको बाल संजाल तथा बाल क्लब बिस्तार गरि परिचालन गर्ने ।

**रणनीति ३.७.४**

बाल बिबाह अन्त्य भएको गाउँपालिका घोषणा गर्ने

**कार्यनीति**

१. बाल बिबाह बिरुद्ध गाउँपालिकाले रणनीतिक योजना बनाई प्रभावकारी कार्यान्वयन गर्ने गराउने।

२. सरोकारवाला बिच समन्वय र सहकार्य बिस्तार गरी टोल बस्ती तहमा बाल बिबाह बिरुद्ध जागरण अभियान संचालन गर्ने ।

३. बाल बिबाह बिरुद्ध सामाजिक बहिष्कार बढाउने

४. बाल बिबाह बिरुद्ध कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गर्ने ।

**रणनीति ३.७.५**

सबै प्रकारका बालबालिकाको संरक्षण सुनिश्चित गर्ने ।

१. गाउँपालिकाले बाल संरक्षण नीति बनाई प्रभावकारी कार्यान्वयन गर्ने, गराउने ।

२. बालबालिकको पुर्णखोप सुनिश्चिताका लागि जनचेतनामूलक र प्रोत्साहनका कार्यक्रम संचालन गर्ने

३. सबै सार्वजनिक निकायहरुमा स्तनपान कक्ष ब्यबस्थापन सम्बन्धी कार्यबिधि बनाई लागु गर्ने, गराउने ।

४. जोमिमा रहेका, असाह्य तथा अबिभावक बिहिन र बिशेष हेरचाहको आबश्यकता भएका बालबालिकाहरुलाई बैकल्पीक हेरचाहको ब्यबस्था गर्न कार्यबिधि बनाई लागु गर्ने ।

५. बिद्यालय तहमा बालबालिका माथि हुने हिंसा, यौनजन्य शोषण लगायत सबै प्रकारका बिभेद बिरुद्ध कानुनी साक्षरता कक्षा संचालन गर्ने ।

६. बालमैत्री ब्यबहार अबलम्बनका लागि सबै सरोकारवाला बिच नियमित अन्तरक्रिया तथा अभिमूकिकरण कार्यक्रम संचालन गर्ने ।

**रणनीति ३.७.६**

| | | | | |
|---|---|---|---|---|
| प्रकारका बिभेद र शोषणको अन्त्य भएको हुनेछ । | ४) बालबालिकाको मनोरञ्जनका लागि बाल उद्यान निर्माण गर्ने ।<br>५) बाल बिबाह बिरुद्ध कानुनी शिक्षा सम्बन्धी अभिमूखिकरण तथा अन्तरक्रिया संचालन गर्ने ।<br>६) बालमैत्री संरचना निर्माण गर्न, गराउन कार्यबिधि बनाइ लागु गर्ने<br>७) बिपन्न तथा असाह्य बाालबालिकालाई शैक्षिंक सामाग्री तथा पोशाक व्यबस्था गर्न बजेटको व्यबस्था गर्ने ।<br>८) बालिका तथा किशोरीहरुलाई आत्मरक्षा सम्बन्धी सिप र क्षमता बिकासका कार्यक्रम संचालन गर्ने । | | | |
| ३.४.३. समाजमा बिद्यमान लैंगिक बिभेद, लैंगिक हिंसा, घरेलु हिंसा, लगायतका हानीकारक गलत सामाजिक अभ्यास र कुरीति अन्त्य भएको हुनेछ । | १) लैंगिक हिंसामुक्त गाउँपालिका घोषणाका लागि गाउँपालिकाको आबीधक कार्ययोजना बनाई लागु गर्ने गराउने ।<br>२) घरेलु हिंसा, लैंगिक हिंसा बिरुद्ध कानुनी प्राबधानहरुबारे टोलबस्तीमा कानुनी साक्षरता तालीम र अभिमूखिकरण संचालन गर्ने<br>३) लैंगिक हिंसा बिरुद्ध आचारसंहिता बनाई सबै सार्वजनिक कार्यालयमा टाँस गर्ने ।<br>४) गाउँपालिकामा गुनासो सुनुवाई संयन्त्र बनाई लागु गर्ने ।<br>५) न्यायिक समिति लगायत मेलमिलाप केन्द्र र मेलमिलापकर्ताहरुको क्षमता बिकास गरी परिचालन गर्ने<br>६) मदिरा बिक्रि बितरण तथा सेवनलाई नियमन गर्न गाउँपालिकाको कार्यबिधि बनाई लागु गर्ने ।<br>७) अन्धबिश्वास, सामाजिक कुरिती र गलत संस्कार बिरुद्ध जनचेतना तथा कानुनी साक्षता कक्षा संचालन गर्ने ।<br>८) सुरक्षीत मातृत्व र प्रजनन् अधिकार बारे महिला समूह, आमा समूह र सहकारीका सदस्यहरु बिच अभिमूखिकरण गर्ने<br>९) अति बिपन्न, असाह्य, ज्येष्ठ नागरीकका लागि निशुल्क स्वास्थ्य बिमाको व्यवस्था गर्ने । | २०७९।०८० देखि निरन्तर | महिला, एकल महिला, असाह्य महिला, बालिका, किशोरी, मदिरा सेवान गर्ने पुरुष, होटल व्यबसाय,सबै सरोकारवाला निकाय । | ▪ गाउँकार्यपालिका,<br>▪ लैंससास सम्पर्क व्यक्ति<br>▪ महिला तथा बालवालिका शाखा |

लैससास विषय अन्तरसम्बन्धित सवाल भएकोले कुनै एउटा मात्र निकायको पहलमा पुर्णत अवलम्वन गर्न सकिदैन । लैंगिक समानता तथा सामाजिक समावेशीकरणको मूलप्रवाहीकरण गर्न स्थानीय सरकार लगायत सबै सरोकारवाला निकायहरुको निकटतम समन्वय र सहकार्यको आवश्यकता पर्दछ । लैससास नीतिले प्रत्याभुत गरेका प्रावधानहरु कार्यान्वयनका सन्दर्भमा समाजमा बिद्यमान हानिकारक गलत सामाजिक अभ्यास तथा प्रचलन र पितृसतात्मक सोंचको कारण विभिन्न जोखिमहरु सामना गर्नुपर्ने अवस्था आउने देखिन्छ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनको क्रममा आउन सक्ने देहाय बमोजिमका सम्भाव्य जोखिम तथा चुनौतीहरुको आधारमा जोखिमको निराकरण गर्नका लागि देहाय बमोजिमका उपायहरु अवलम्वन गरिने छ ।

| क्र.सं | संभावित जोखिम | जोखिम न्यूनीकरणका उपायहरु | कैफियत |
|---|---|---|---|
| १ | गाउँपालिकाका जनप्रतिनिधी र कर्मचारीमा लैससास सम्वन्धी साझा बुझाईमा एकरुपता हुन नसक्नु । | ▪ लैससास अवधारणाबारे समान बुझाईका लागि अभिमूखिकरण तथा सहजीकरण गर्ने ।<br>▪ वडा तथा पालिका तहमा लैससास सम्बन्धी राष्ट्रिय नीति तथा कानुन र अन्तराष्ट्रिय प्रावधान बारे अभिमूखिकरण गर्ने । | |
| २ | भौतीक विकासका कार्यक्रमले जस्तो सामाजिक विकासका कार्यक्रमले तत्काल परिणाम ल्याउन नसक्ने हुदा लैससास विषय स्थानीय सरकारको प्राथमिकतामा नपर्नु । | ▪ लैससासको महत्व र सरकारद्वारा जारी गरिएका कानुन तथा अन्तराष्ट्रिय प्रतिबद्वता बारेमा जानकारी गराउने ।<br>▪ लैससास बिषयलाई प्राथमितामा राख्न नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्ने ।<br>▪ लैंगिक उत्तरदायी योजना तथा बजेट तर्जुमाका लागि नियमित समन्वयलाई प्रभावकारी बनाउने । | |
| ३ | लैससास नीति कार्यान्वयनका लागि गाउँपालिकामा आवश्यक ज्ञान, क्षमता र दक्ष मानबस्रोतको कमी हुन सक्ने । | ▪ गाउँपालिकाबाट क्षमता विकासको बार्षिक कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br>▪ दक्ष मानवस्रोतको उत्पादन गरी परिचालन गर्ने । | |
| ४ | गाउँपालिकाको स्रोत साधनको सीमितता र लक्षीत समूहका आबश्यकता बढी हुनु । | ▪ गाउँपालिकाको बिद्यमान स्रोत साधनको न्यायोचित बितरण प्रणाली अवलम्बन गर्ने ।<br>▪ वार्षिक योजना तर्जुमा तथा बजेट बिनियोजन गर्दा लैससास सम्बन्धी विषयहरुलाई प्राथमिकतामा राख्न नियमित समन्वय तथा सहजीकरण गर्ने ।<br>▪ लैससास क्षेत्रमा स्रोत व्यवस्थापनका लागि सम्बन्धित संघ संस्थासंग समन्वय र सहकार्य बृद्धि गर्ने । | |
| ५ | गाउँपालिका लैससास उत्तरदायी बजेट तथा कार्यक्रम तर्जुमा प्रति संबेदनशिलताको | ▪ लैससास उत्तरदायी योजना तथा बजेट र कार्यक्रमका लागि नियमित लैससास परिक्षण गरी प्राप्त सुझाव कार्यान्वयन गर्ने गराउने । | |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | mail.com | | | | | | | | | | |
| १३ | बिष्णु पौडेल | रोजगार शाखा | ९८६४९२०९४३ | bishnupaudel460@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १४ | प्रकाश बुढा | पञ्जिकरण शाखा | ९८४७९९७१२८ | pbudhamagar@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| १५ | बालाराम काफ्ले | सव इन्जिनियर | ९८४८२९७९१७ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| १६ | निर्मल कडेल | आलेप | ९८४७९०७३८१ | kandelnirmal96@gmail.com | - | √ | - | √ | - | - | - | - | - | - |
| १७ | बुद्धिमान घर्ति | फिल्ड सहायक | ९८४९१२०७८५ | bhagawatipmgr@gmail.com | - | √ | - | - | √ | - | - | - | - | - |
| १८ | पुर्णकला रोका | महिला स्वयमसेवक | ९८०९८४१३४२ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| १९ | धनमाया रोका | का.सदस्य | ९८४४८९३२७५ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| २० | निर्धक रोका | का.स. | ९८४४९५४१८५ | - | - | √ | - | - | √ | - | - | - | - | - |
| २१ | चयन पुन | टेलीसेन्टर | ९८४७९९२६७८ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २२ | चन्द्रप्रकास वली | सव इन्जिनियर | ९८४१४५२४८३ | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २३ | इलका बुढामगर | का.स. | ९८४०४७९८८० | - | - | √ | - | √ | - | - | - | - | - | - |
| २४ | भगवती पुन | उ.बि.स. | ९८४८०००७०३ | - | √ | - | - | - | √ | - | - | - | - | - |
| २५ | भिम कुमारी पुन | उ.बि.स. | – | - | √ | - | - | - | √ | - | - | - | - | - |
| | | जम्मा | | | | | | | | | | | | |

जनप्रतिनिधिको संख्या : **७ जना** कर्मचारीको संख्याः **.१८ जना** अन्य सहभागीको सं **(संघसंस्था तथा संजालबाट)** : **० जना**

